# पौराणिक शक्ति र अनुभूतिको दिव्य संगम : महारुद्रेश्वर

souryaonline.com/2026/01/689019.html

रमेशप्रसाद तिमल्सिना २०८२ माघ ३ गते ६:५१ मा प्रकाशित

*महारुद्रेश्वरको महिमा जनजीवनसँग गहिरो रूपमा गाँसिएको छ । बोली नफुटेका बालबालिकालाई दर्शन गराउँदा बोली फुट्ने, खडेरी परेका बखत महादेवसँग पानी माग्दा वर्षा हुने, यहाँ पूजा गरे पशुपक्षी र अन्नबाली राम्रो हुनेजस्ता लोकविश्वासहरू पुस्ताँदेखि जीवित छन् । यस्ता विश्वासहरू सामूहिक अनुभूति र परम्पराको निरन्तरता हुन् ।*



रमेशप्रसाद तिमल्सिना

ललितपुरको दक्षिणपूर्वी पहाडी भेगमा अवस्थित इकुडोल–माझखण्ड प्राचीन शक्ति, पौराणिक स्मृति र जीवित आध्यात्मिक ऊर्जाले स्पन्दित एक रहस्यमय भूमि हो । यही भूमिको गर्भमा अवस्थित छ – महारुद्रेश्वर महादेव, जहाँ शिव केबल मूर्तिमा सीमित छैनन्, यहाँ शिव शक्ति, चैतन्य अनुभूतिको रूपमा जीवित छन् ।

स्थानीय परम्परा, पौराणिक ग्रन्थ र साधकहरूको अनुसन्धान र खोजले कुनै कल्पमा माझखण्ड दक्ष प्रजापतिको महायज्ञस्थलका रूपमा सिद्ध हुन आउँछ । शिवपुराण, हिमवतखण्ड, स्वस्थानी कथा तथा अन्य धार्मिक ग्रन्थहरूमा वर्णित यज्ञस्थलको परिवेश, संरचना र भौगोलिक संकेतहरूलाई यहाँको भूआकृतिसँग तुलना गर्दा अद्भुत सामञ्जस्य छ । यही यज्ञमा

शिवलाई अपमान गरिएको, सतीदेवीले आत्मत्याग गरेको र त्यसपछि महादेव रौद्ररूपमा प्रकट भई सम्पूर्ण सृष्टि कम्पित बनाएको कथा आज पनि यहाँको माटो, वनस्पति र हावामा प्रतिध्वनित हुन्छ ।

यसैकारण यहाँका रुद्रेश्वर महादेव साधारण होइनन्– 'उग्र र जागृत महारुद्रेश्वर' हुन् । यिनलाई क्रोधको चरम अवस्थामा पनि भक्तप्रति करुणामय, रक्षाकर्ता र मार्गदर्शक मानिने धार्मिक अगुवा बताउँछन् । यही रौद्रऊर्जाले माझखण्ड क्षेत्रलाई ऊर्जायुक्त भूस्थल र आध्यात्मिक साधनाका लागि पुण्यभूमि बनाएको छ । यहाँ पुगेका साधक, भक्त र सामान्य तीर्थालुहरूले समेत एउटा साझा अनुभूति व्यक्त गर्छन्– यहाँ असाधारण कम्पन, गहिरो शान्ति र आत्मिक जागरण महसुस हुन्छ । रुद्राभिषेक, महामृत्युञ्जय जप वा मौन शिव–ध्यानले मन स्थिर, कर्म शुद्ध र जीवन ऊर्जावान बनाउने विश्वास केबल कथनमा सीमित छैन, यो पुस्तौँदेखिको अनुभूति हो । यही कारण महारुद्रेश्वर मन्दिर संकट–निवारण, रोग–शमन, मानसिक शान्ति र आत्मबल वृद्धिको प्रमुख तीर्थस्थल बनेको छ ।

पौराणिक मान्यताअनुसार यज्ञस्थलको वरिपरि करिब ३.४३ कोष (झन्डै ११ किमी) क्षेत्रभित्र देवी–देवता र ऋषिमुनिहरूको बास रहेको उल्लेख छ । माझखण्डबाट यही दुरी वरपरका कालेश्वर, लटरम्मेश्वर, त्रिखण्डी महादेवलगायतका स्थलहरू यसै पवित्र भू–मण्डलभित्र पर्छन् । सतीदेवीका अंगहरू पतन भएको प्रसंगमा पनि नेपालकै भूभागसँग धेरै प्रमाणहरू जोडिन्छन् । गुह्येश्वरी, कालेश्वर, गुप्तेश्वर, लटरम्मेश्वर लगायतका क्षेत्रले यस कथालाई थप बल दिन्छन् । पुराना कथालाई पछि परिमार्जन गरी भारत केन्द्रित व्याख्या गरिएको भए पनि मूल सन्दर्भ हिमालयकै काख अर्थात् नेपालसँग गाँसिएको दाबी बलियो देखिने धार्मिक अगुवाको दाबी छ ।

किम्बदन्तीअनुसार वीरभद्रले यात्रा गरेको सुरुङ, महादेवले गोडा बजारेका पाइलाजस्ता संकेतका रूपमा हुनु तथा अन्य स्वरूप र आकृतिका अवशेष माझखण्ड वरपर छन् । यी सबैले यो क्षेत्रलाई केबल आस्थाको विषय मात्र होइन, पुराण र भूगोल जोडिने दुर्लभ केन्द्रका रूपमा उभ्याउँछ । महारुद्रेश्वरको महिमा जनजीवनसँग गहिरो रूपमा गाँसिएको छ । बोली नफुटेका बालबालिकालाई दर्शन गराउँदा बोली फुट्ने, खडेरी परेका बखत महादेवसँग पानी माग्दा वर्षा हुने, यहाँ पूजा गरे पशुपक्षी र अन्नबाली राम्रो हुनेजस्ता लोकविश्वासहरू पुस्तौँदेखि जीवित छन् । यस्ता विश्वासहरू सामूहिक अनुभूति र परम्पराको निरन्तरता हुन् ।



पौराणिक दृष्टिले हेर्दा, सारा संसार जम्बूद्वीप केन्द्रित ७ द्वीप र त्यसअन्तर्गत ९ वर्षमा विभाजित छ । यही ९ वर्षमध्येको भारतवर्ष–मानव कर्मभूमि–हिमालयको काखसँग जोडिएको छ । जहाँ धर्म, तपस्या र साधनाको मूल केन्द्र मानिन्छ । माझखण्ड यही पौराणिक भूचिन्तनको केन्द्रविन्दुसँग मेल खाने स्थलका रूपमा प्रस्तुत हुन्छ । जहाँ इलावृत, हरिवर्ष र भारतवर्षको सांकेतिक ऊर्जा एकै ठाउँमा अनुभूत हुन्छ ।

शिलामै जोडी शिव–सतीको आकृति र त्यसै शिलामा शिव पाञ्चायन स्वरूप–गणेश, सूर्य र विष्णुसहितको संयुक्त प्रतिमा विराजमान हुनु अत्यन्तै दुर्लभ धार्मिक–आध्यात्मिक संयोग मानिन्छ । यस्तो स्वरूप सामान्यतः फरकफरक स्थान वा अलगअलग मूर्तिमा देखिने भए पनि महारुद्रेश्वरमा यी सबै तत्व एउटै शिलामा एकीकृत रूपमा प्रकट हुनु यहाँको विशेष शक्ति र मौलिकताको प्रमाण मानिन्छ । यसले शिवलाई केवल संहारकर्ता होइन, सृष्टि, संरक्षण र प्रकाशका सबै तत्वसँग समन्वित परम चेतनाका रूपमा प्रस्तुत गर्छ । यही कारण महारुद्रेश्वरलाई शक्तिसम्पन्न र जागृत देवस्थानका रूपमा लिइन्छ ।

शिव महिमाको विशेष समयका रूपमा मानिने साउन महिनाभरि यहाँ श्रद्धालुहरूको उल्लेखनीय भिड लाग्छ । साउनमा शिव आराधना, सोमबार व्रत, रुद्राभिषेक र जलाभिषेक गर्ने परम्परा रहिआएको छ । त्यस्तै, पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म मनाइने माधव नारायण महिना पनि महारुद्रेश्वरका लागि अत्यन्त महत्वपूर्ण काल हो । यो अवधिमा व्रत, स्नान, जप–तप र संयमित जीवनशैली अपनाउने परम्परा छ । माधव नारायण व्रतले शरीर, मन र आत्मालाई शुद्ध बनाउने, गृहस्थ जीवनमा सुख–शान्ति ल्याउने र आध्यात्मिक उन्नतिमा सहयोग पु¥याउने विश्वास गरिन्छ ।

यसै समयमा यहाँ विशेष मेला लाग्ने गर्दछ, जहाँ भक्तजनहरू सामूहिक पूजा, भजन–कीर्तन र धार्मिक अनुष्ठानमा सहभागी हुन्छन् । यी २ विशेष कालखण्डमा लाग्ने मेलाले महारुद्रेश्वरलाई केबल धार्मिक स्थल मात्र होइन, सामूहिक आस्था, परम्परा र जीवित संस्कृतिको केन्द्रका रूपमा स्थापित गर्छ । यहाँको पूजा, मेला र साधनाले पुस्तौँदेखि श्रद्धा र विश्वासलाई निरन्तरता दिँदै आएको छ ।